# लागू औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौं

ई-बुलेटिन

वर्ष १. अंक २, फाल्गुन, २०७६ (त्रैमासिक)

**“ समृद्ध राष्ट्र निर्माणको लागि लागूऔषध रहित स्वस्थ जीवन ”**

**“Health for Justice, Justice for Health”**



# सल्लाहकार



निमित्त कार्यालय प्रमुख

**प्र.व.उ. बसन्त कुमार लामा**

## सम्पादक मण्डल



**प्र.उ. बिरेन्द्र कुमार बस्याल**
**प्रधान सम्पादक**



प्र.ना.उ. प्रेम बहादुर शाही



प्र.ना.उ. फणिन्द्र प्रसाई



प्र.नि. प्रदिप महत



प्र.नि. सुनिल श्रेष्ठ



प्र.ना.नि. जगत ब. बस्नेत

## सम्पादकीय

लागू औषधको उत्पादन, संचय, ओसार-पसार, बिक्री वितरणलाई नियन्त्रण गर्न तथा लागूऔषध अपराधको प्रभाबकारी अनुसन्धान गर्नको लागि बिशिष्टिकृत रुपमा स्थापना भएको यस ब्यूरोले गरेका काम कारबाहीको सम्बन्धमा त्रैमासिक रुपमा जानकारी गराउने उद्देश्यका साथ प्रकाशन गरिएको




त्रैमासिक अन लाइन बुलेटिनका सम्बन्धमा यहाँहरुलाई विदितै छ । सोही वुलेटिनको निरन्तरता स्वरुप दोस्रो संस्करणको रुपमा यो बुलेटिनको प्रकाशन गर्न लागिएको हो । प्रत्येक प्रकाशनमा लागू औषधको सम्बन्धमा गरिएको त्रैमासिक कारबाहीको तथ्यांक तथा गतिबिधि सहित लागू औषधको बारेमा समेत केही जानकारी दिने उद्देश्यले यस पटकको प्रकाशनमा लागुऔषध गाँजा सम्बन्धी जानकारी,यसका असरहरु र रोकथामको प्रयासलाई समेट्ने जमर्को गरिएको छ। आगामी दिनहरुमा लागू औषधका अन्य किसिमहरु र त्यसका असर तथा रोकथामका उपायहरुलाई लाई क्रमश: समेट्दै प्रकाशन गरिने छ। साथै लागूऔषध अपराध नियन्त्रण गर्ने सन्दर्भमा काम गर्ने विभिन्न संघ संस्था,तथा यस क्षेत्रमा अध्ययन, अन्वेषण, तथा जानकारी लिने सबैमा लागूऔषध अपराधको रोकथामको लागि तुलनात्मक अध्ययन तथा अन्वेषणात्मक कार्यको लागि यो बुलेटिन सहयोगी सिद्ध हुनेछ भन्ने बिश्वास लिईएको छ।

## लागू औषध नियन्त्रण ब्यूरो एक चिनारी




लागूऔषध अपराधको रोकथाम तथा नियन्त्रण गरि लागूऔषध रहित समाजको निर्माण गर्ने उद्देश्यले मिति २०४९/०२/२४ गते "लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाई" को स्थापना भई मिति २०६९/०८/१४ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णयद्वारा प्र.ना.म.नि.को दरबन्दी कायम गरी लागूऔषध नियन्त्रण व्युरो" (Narcotic Control Bureau) को रुपमा स्तरोन्नती भएको यस व्युरोले लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन कार्यलाई नियन्त्रण गर्न सूचना संकलन तथा बिश्लेषण गर्ने,बिभिन्न कारबाही संचालन गर्ने र लागूऔषध अपराधमा संलग्न ब्यक्तिहरुको सम्बन्धमा थप अनुसन्धान गरी कानुनी प्रकृया अघि बढाउने कार्य गर्दै आईरहेको छ । यस ब्यूरो मातहत त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौ, तराईका सीमा नाका तथा पोखरा समेतमा गरी हाल ९ वटा Satellite Unit हरु रहेका छन् ।



## दुरदृष्टि (Vision):

लागूऔषधको अबैध खेती, उत्पादन, ओसारपसार, संचय र बेच बिखनमा नियन्त्रण गरी लागूऔषध रहित समाजको स्थापना

## दीर्घकालीन लक्ष्य (Mission)

- लागूऔषधको अवैध खेती, उत्पादन, ओसार–पसार र बेचविखन लगायतका लागू औषध अपराध नियन्त्रण गर्नका लागि,



- प्रचलित लागू औषध नियन्त्रण ऐन, २०३३ र लागू औषध सम्वन्धी नेपाल सरकारका नीति, रणनीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
- लागूऔषधको कारोवारमा संलग्न संगठित संजाल लगायतका अपराधीलाई पक्राउ गरी कानुनी दायरामा ल्याउने यस व्यूरोको दीर्घकालीन लक्ष्य हुनेछ ।

## प्रमुख उद्देश्यहरु

- लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन एवं सेवनमा नियन्त्रण गर्ने ।
- लागूऔषध अपराधको व्यवसायिक अनुसन्धान गर्ने ।
- लागूऔषध बरामद तथा पक्राउ परेकाहरुको अभिलेख व्यवस्थापन गर्ने र सो को विश्लेशण गरी लागूऔषध नियन्त्रण सबन्धी भाबि योजना तर्जुमा गर्ने ।
- लागूऔषध अपराध नियन्त्रणका लागि  सरोकारवाला राष्ट्रिय,अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने ।

**Listening to children and youth is the first step to help them grow healthy and and Safe.**

# लागू औषध नियन्त्रण व्यूरोको काम कर्तव्य र अधिकार





१. लागूऔषध नियन्त्रण ऐनले व्यबस्था गरे अनुसारका अपराधिक कार्य बिरुद्ध तदारुकताका साथ कारवाही गर्ने।

२. नेपाल राज्य भरिको लागू औषध नियन्त्रण बिरुद्ध गरिएको कारवाहीको तथ्याङ्क सङ्कलन, बिश्लेषण र सम्पादन गर्ने  र सो बिवरण लागूऔषध नियन्त्रण शाखामा पठाउने।

३. अपराधको गहनतालाई दृष्टिगत गरी एक भन्दा बढि जिल्ला वा क्षेत्रमा फैलिएको लागू औषध सम्बन्धि अपराधको अध्ययन तथा बिश्लेषण गरी स्थानिय प्रहरीको कारबाहीलाई प्रभाबकारी बनाउन आबश्यक सल्लाह/सुझाब दिने।








४. लागू औषध नियन्त्रणको सन्दर्भमा अन्तराष्ट्रिय प्रकृतिको अनुसन्धान कारवाही गर्ने।

५. लागू औषध सम्बन्धि अन्तराष्ट्रिय प्रकृतिका अनुसन्धान तथा लागू औषध अपराधमा दुई देशको आपसि समस्या वा दुई भन्दा बढि देशहरुमा फैलिएको अन्तराष्ट्रिय संगठित अपराध बिरुद्ध बिभिन्न देशका प्रहरी मिलेर एकै साथ कारवाही गर्ने।



६. लागू औषध नियन्त्रण ऐन कार्यान्वयन गर्ने गराउने सन्दर्भमा प्रहरी तथा अन्य सरकारी वा गैर सरकारी संस्था, स्वयंसेवक आदि सँग आवश्यकता अनुसार सम्पर्क राख्ने। कार्यान्वयन क्रममा अनुभव हुन आएका लागू औषध नियन्त्रण योजना  तर्जुमा को लागि उपयोगी हुने विषयहरु प्रमुख लागू औषध नियन्त्रण अधिकारी समक्ष सुझाबका रुपमा पेश गर्ने।



७. लागू औषध नियन्त्रण कारवाहीको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपाली वा विदेशि अपराधको गतिबिधि साथै कारवाहि बारे सम्बन्धित निकायबाट सूचना तथा तथ्याङ्क संकलन गरी बिश्लेषण तथा बितरण कार्य गर्ने।

८. अन्तराष्ट्रिय प्रकृतिको अनुसन्धानको क्रममा सुचना तथ्याङ्कको आदान प्रदान एवं संयुक्त कारवाहीको अवस्थामा बिदेशी निकाय संग प्रत्यक्ष सम्पर्क गर्ने र सो को जानकारि प्रमुख लागू औषध नियन्त्रण अधिकारीलाई दिने।

९. लागू औषधको अपराधको गहनतालाई दृष्टिगत गरि आवश्यक ठानेमा नेपाल राज्य भर कुनै पनि प्रहरी इकाईले अनुसन्धान गरिरहेको अवस्थामा समेत त्यस्तो अनुसन्धान मा बाधा अड्चन वा कुनै त्रुटि देखिए वा देखिन आएमा चली रहेको अनुसन्धान बारे सहयोग गर्ने।

## लागू औषध गाँजा

गाँजा एक भ्रमात्मक असर दिने किसिमको लागू औषध हो। गाँजा(Cannabis Sativa) लाई Indian Hemp पनि भनिन्छ। यो एक वर्षेनी विरुवा हो, जुन तातो तथा चिसो हावापानी भएका ठाउँहरुमा हुने गर्छ। यस बिरुवाको उचाई ३ देखि १० फिट वा बढी पनि हुन्छ। यसका पातहरु लामा साना करौतीका धार जस्ता र पंखा आकारका हुन्छन्। यिनीहरु चहकिला,टाँस्सिने र माथिल्ला भागमा छोटा रौं जस्ता रेशाले ढाकेका हुन्छन्। एउटा Cannabis को विरुवामा झण्डै ४ सय रासायनिक तत्वहरु हुन्छन्। यिनीहरु मध्ये चार तत्वहरुले मस्तिष्कमा बिशेष असर गर्दछन्।

१. Delta-9- Tetrahydro-cannabinol (delta-9-THC)

२. Delta-8-THC

३. Cannabidiol

४. Cannabinol

(यी मध्ये Delta-9-THC ले विशेष रूपले मानव मस्तिष्कमा असर गर्छ।)

गाँजाको फल र फुल फुल्ने टुप्पाहरुमा र पातहरुमा प्रशस्त मात्रामा मानसिक रुपमा प्रभाव पार्न सक्ने रसायन Tetra hydro Cannabinol रहेको हुन्छ। औषधि हुनसक्ने गाँजाका यी भागहरु समय समयमा टिप्ने गर्दछन्। अक्सर गरेर गाँजाको रुपमा नै गैर बजारमा बिक्री हुने हुन्छ। गाँजाको बोटको

मुख्य  र अन्य साना डाँठहरुमा प्रमुख सारतत्व कम हुने गर्छ र निम्न स्तरको गाँजा बन्दछ। मानसिक रुपमा प्रभाव पार्न सक्ने गाँजाबाट बनेका बस्तुहरु निम्न बमोजिम छन:-

क) **गाँजा(मारिजुयाना)**:- यसमा गाँजाको मुन्टा, पातहरु र फुललाई सुकाएर तयार पारिन्छ। यसलाई बिभिन्न देश र क्षेत्रमा आफ्नै ढंगले प्रस्तुत गरेर कतै कानुनी रुपमा त कतै गैर कानुनी रुपमा बिक्री गर्ने तथा प्रयोग गर्ने गरिन्छ।

ख) **खोटो** : यो गाँजाभन्दा शक्तिशाली हुन्छ। यो बिभिन्न तरिकाले बोटबाटै खुर्केर निकाली तयार गर्ने वा खोटो भएको गाँजाको डाँठलाई कुनै झोलमा उमालेर प्रशोधन गरेर बनाएको हुन्छ ।

(स्रोत:-संयुक्त राष्ट्र संघीय ला.औ.का.का ता.निर्देशिका,२०५२)

ग) **ह्यासिसको तेल**:- गाँजाबाट प्रशोधन, प्रति प्रशोधन गरेर बनाइएको गाढा झोल नै ह्यासिसको तेल हो।

गाँजाको मुख्य सारतत्व (Delta -9 Tetra hydro – Cannabinol (THC) हो । गाँजामा THC को मात्रा १ देखि ६ प्रतिशत हुन्छ। खोटोमा THC १५ देखि २० प्रतिशत हुन्छ। ह्यासिसको तेलमा THC को मात्रा खोटोमा भन्दा दोब्बर हुन्छ।


न्यानो र उष्णीय हावापानी भएका देशहरुमा यो गैर कानुनी रुपमा खेती गर्ने र यसको ओसारपसार गर्ने गर्दछन्। बृहत मात्रामा यसको खेती र उत्पादन उत्तर तथा दक्षिण अमेरीका, क्यारेबियन, अफ्रिका र दक्षिण पुर्वी देशहरुमा  गर्ने गर्दछन्। गाँजाबाट उत्पादन हुने बस्तुहरु बिभिन्न देशमा बिभिन्न  नाम र रुपमा पाईन्छन्। एसियामा यो गाँजा, भांग, चरेशका  नाममा उपलब्ध हुने गर्दछ।

**Say Yes to Life No to Drugs**

## १.गाँजाजन्य  पदार्थ (क्यानाबिस) के हो ?  कसरी गाँजाजन्य पदार्थ तयार हुन्छ?








गाँजामा पाइने नशालु तत्व टेट्राहाइड्रो क्यानाविनोल (Tetra hydro cannabinol) हो ।  यो तत्वले मानिसको दिमागमा असर गरी मन र चेतनमा प्रभाव पार्छ ।

**गाँजा(Marijuana):** यो गाँजाको बोटको पात र मुन्टाबाट बन्दछ । यो खैरो रंगको हुन्छ र यसको कडा गन्ध हुन्छ। यसमा खेती गरिएको पोथी जातको गाँजाको कलिला पातहरु, फुलका मुन्टाहरु र खोटो हुन्छ,जसलाई खाँदेर चिपचिपाउँदो अवस्थामा मुठामा बेरेर चाक्लो वा गोलो केकको रुपमा बनाईन्छ। यसको रङ गाढा हरियो वा हरियो खैरो हुन्छ ।




**चरेश(Hashish)** :  गाँजाको बोटको टुप्पाको भाग (मञ्जरी) बाट निस्कने च्याप्च्यापे रस (Resin) बाट बन्दछ । यसको रंग गाडा खैरो वा कालो हुन्छ । यो पोथी जातको गाँजाको बिरुवाको मुन्टाको खोटोबाट बनाइएको हुन्छ । यसलाई खैरो- सेतो पाउडर नबनेसम्म कुटेर अनि दलेर बनाइएको हुन्छ, पछि यसलाई केक जस्तै आकारमा वा पातको झिल्ली वा गाढा खैरो  डल्लो बनाइन्छ

**भाँग**: गाँजाको पुरानो र छिप्पिएको पातबाट बनाइएको हुन्छ। यो गाँजा भन्दा कम शक्तिको र चरेश भन्दा धेरै कमसल हुन्छ। THC को मात्रामा धेरै फरक भए तापनि भाङको र गाँजाको असर उस्तै प्रकृतिको हुन्छ । मनोरन्जनात्मक रुपमा प्रयोग गरिने भाँगले भावनामा फरक प्रसन्नता, स्वच्छन्दता, बिचारमा अपूर्णता र संस्मरण शक्तिमा ह्रास गराउने गर्दछ। बढी मात्रामा सेवन गरेमा यसले सोचाइमा गम्भीर ह्रास गर्छ र कहिलेकाहीं भ्रमित पनि पार्छ।

पश्चिमी एसियामा ह्यासिसको अर्थ पात र खोटो दुबै मिसाएर बनाएको भन्ने हुन्छ। उत्तर अफ्रिकामा खोटो र मुन्टा मिलाएर पाउडर बनाइन्छ। जसलाई मोरोक्कोमा किफ र अल्जेरिया र ट्यूनिसियामा ताकरोरी भनिन्छ। यसलाई मध्य र दक्षिणी अफ्रिकामा डाग्गा भनिन्छ ,जसमा पात र मुन्टा हुन्छ।

(स्रोत:-संयुक्त राष्ट्र संघीय ला.औ.का.का ता.निर्देशिका,२०५२)

## २. गाँजा सेवन गर्नाले के हुन्छ ?






- अनुहारको रङ बदलिन्छ अर्थात वर्ण फेरिन्छ र चर्को आवाज सुन्ने हुन्छ।
- मुटुको चाल बढ्ने, रक्तचाप बढ्ने र हातगोडा लर्बराउने जस्ता असरहरु देखा पर्छन्।
- मुख सुक्छ र आँखा रातो हुन्छ। गाँजा धेरै समयसम्म प्रयोग गर्ने व्यक्तिहरुको काममा जाँगर हराउँछ,ध्यान कम केन्द्रित हुन्छ। बिर्सने बानी हुन्छ।
- मस्तिष्कको स्नायुहरुलाई समेत नष्ट गर्ने र खल्बल्याउने हुँदा पठनपाठनदेखि दैनिक काममा चाहिने सामान्य सीपको विकासमा पनि अवरोध आउँछ।
- श्वास प्रश्वासमा खराबी ल्याएर घाँटी र फोक्सोको क्यान्सर पनि हुन सक्छ।
- पेटमा रहेको बच्चालाई पनि हानी पुग्ने र स्त्रीको महिनावरीमा गडबढी भई बच्चा नहुने सम्भावना हुन्छ। पुरुषहरुको वीर्य कम भइ प्रजनन क्षमतामा ह्रास आउन सक्छ।

**LISTEN FIRST**

*Listening to children and youth is the first step to help them grow healthy and Safe*

## लागू औषध गाँजाको दुर्व्यसनबाट कसरी बच्ने ?



- सुरु गर्नु अगाडि नै रोक्ने प्रयास गर्ने,
- कुनै साथीले खाने निम्तो दिएमा तुरुन्त ठाउँ छाडी हिंड्ने,
- सच्चा मित्रले नशा प्रयोग नगरेकोमा आफ्नो सम्मान गर्दछ भन्ने बुझ्ने,
- नशा प्रयोग नगर्ने साथीसँग मात्र हिड्ने,
- घरमा आमा बुबा वा दाजुभाइले मादक पदार्थ वा लागूऔषध प्रयोग गर्दछन् भने तिनको अनुसरण नगर्ने,
- आफ्नो स्कुलमा नशा खाने समूहबाट टाढाँ रहने प्रयास गर्ने,
- नकारात्मक प्रस्ताबहरुलाई सदैव नाइ भन्न सक्ने क्षमताको विकास गर्ने,
- आफ्नो खाली समयलाई घरको कामकाज, भ्रमण,किनमेल, तथा सेवाको काममा मन लगाई प्राकृतिक तरिकाले आनन्द लिने प्रयास गर्ने,
- ध्यान, योग वा अन्य कुनै आध्यात्मिक आस्थासंग आवद्ध रहने,
- साहित्य, संगीत, कला, खेलकुद, नृत्य जस्ता श्रृजनशील कार्यमा आफूलाई व्यस्त राख्ने,
- आफ्ना बालबालिकाको भाबना बुझ्ने र उमेर अनुसार ब्यबहार गर्ने ।

## अभिभावकले अपनाउनुपर्ने उपायहरु

लागू औषध दुर्व्यसनबाट आफ्ना सन्ततीहरुलाई जोगाउन हरेक अभिभाबकले तल उल्लेख गरेका कुराहरुमा केही ध्यान दिने हो भने धैरै हद सम्म दुर्व्यसनमा संलग्न हुनबाट रोक्न सकिन्छ।

- आफ्ना बालबालिकाको हरेक क्रियाकलाप, साथीभाई, विधालय समय बाहेक अरु बेला ब्यतित गर्ने स्थान आदिबारे जानकारी राख्ने,
- खेलकुद, कला तथा सांगेतिक कार्यक्रम लगायतका गतिविधिमा बढी संलग्न गराउने,
- बालबलिकालाई गलत साथीहरुको संगतमा पर्न नदिने,
- बालबालिकाहरुलाई मध्यपान तथा धुम्रपानको प्रयोगबाट टाढा राख्ने,
- लागूऔषध र त्यसको असर बारे जानकारी गराउने,

- नियमित रुपमा विद्यालयमा सम्पर्क गरी बालबालिकाको पढाई तथा अतिरिक्त क्रियाकलापमा सहभागिताबारे बुझ्ने,
- आफ्ना बालबालिकासँग प्रयाप्त समय बिताउने र विचारहरुको आदान प्रदान गर्ने,

**<u>कानूनी प्राबधान (दण्ड सँजाय)</u>**

**लागू औषध नियन्त्रण ऐन २०३३ मा उल्लेख भएको सजाय सम्वन्धी प्रावधान**

**लागु औषध नियन्त्रण ऐन,२०३३ मा उल्लेख भएको गाँजा खेती,सेवन तथा बिक्री वितरण गरेमा हुने सँजाय सम्बन्धी प्रावधान:-**

| लागूऔषधको किसिम | अपराध | अपराधको मापन | कैद(सँजाय) | जरिवाना |
|---|---|---|---|---|
| गाँजा | सेवन | सेवन | १ महिना सम्म कैद वा | रु.२००० |
| | खेती | २५ बोटसम्म | ३ महिनासम्म वा सम्म | रु.३००० |
| | खेती | २५ बोटभन्दा बढी | ३ वर्षसम्म कैद | रु.५००० - २५००० सम्म |
| | उत्पादन,तयारी,खरिद बिक्रीवितरण निकासी वा पैठारी,ओसारपसार वा सञ्चय गर्ने | ५० ग्राम सम्म<br>५० ग्रा.-५०० ग्रा.<br>५०० ग्रा.-२ कि.ग्रा.<br>२कि.ग्रा.-१०कि.ग्रा.<br>१०कि.ग्रा.देखि माथि | ३ महिनासम्म वा<br>१ महिना – १ बर्षसम्म वा<br>६महिना – २ वर्षसम्म<br>१ वर्ष – ३ वर्ष सम्म<br>२ वर्ष – १० वर्षसम्म | रु.३००० सम्म<br>रु. १०००-रु.५०००<br>रु.२,०००-<br>रु.१,०००सम्म<br>रु.५,०००-रु.२५,०००<br>रु.१५,०००-<br>रु.१,००,००० |

## २. त्रैमासिक अपराध तथ्यांक

लागू औषधको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि लागू औषध नियन्त्रण ब्यूरो निरन्तर लागिरहेको छ। सोहि क्रममा २०७६ कार्तिक देखि पुष मसान्त सम्म संचालन गरिएको कारबाहीका क्रममा बरामद भएको कुल लागूऔषध तथा पक्राउ परेका ब्यक्तिहरुको बिबरण निम्नानुसार रहेको छ।












लागू औषध ओसारपसार तथा बेचबिखनमा संलग्न भई पक्राउ पर्न आएका ब्यक्तिहरुको संख्यात्मक बिबरण निम्नानुसार रहेको छ।

- लागू औषधको सेवनले मानिसको शारीरीक तथा मानशिक स्वास्थ्य विग्रन्छ। यसको प्रयोगबाट आँफू पनि बचौं : परिवार, समाज र राष्ट्रलाई हुनसक्ने असर तथा नोक्सानीबाट जोगाउँ।

# लागू औषध बरामद परिमाण तथा संलग्नहरुको संख्याको तथ्याङ्क विवरण २०७६
## (ला.औ.नि. ब्यूरो काठमाण्डौं तथा मातहत समेत)


| महिना | मुद्दा दर्ता संख्या | जम्मा मानिस पक्राउ संख्या | | | | जम्मा पक्राउ संख्या | लागू औषध परिमाण संख्या | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | बिदेशी | | | गाँजा | | चरेस | | खैरो हेरोईन | | अफिम | | कोकिन | | नियन्त्रित औषधीजन्य लागू औषध | | | | | | | |
| | | पुरुष | महिला | पुरुष | महिला | | के.जि | ग्राम | के.जि. | ग्राम | ग्राम | मि.ग्रा. | के.जि | ग्राम | के.जि | ग्राम | डाईजेपाम | बुप्रेनोर्फिन | फेनारगन | नाईट्रोसन/ स्पास्मो प्रोक्सिभन र अन्य | कोरेक्स बोतल | एम्फेटामाईन (ICE)grm | याबा (ग्राम) | ईफिड्रिन (ग्राम) |
| **पौष** | ३६ | ३७ | ४ | ४ | २ | ४७ | १ | २३० | ० | ४५० | २६५ | ३८५ | ० | ० | ० | ९ | ३०१ | ३०१ | ३२२ | १००१ | १३ | ५३ | ० | ० |
| **माघ** | ४१ | ५१ | १ | ३ | ० | ५५ | ० | ३७० | २ | २०० | ३६७ | १५० | ० | ० | २ | २०० | ३१३ | ३२२ | ३४५ | ४३८ | ९ | ० | ० | ० |
| **फाल्गुण** | ४७ | ६० | २ | ६ | ० | ७० | २ | ५० | १३ | १२३ | ६९ | ९२० | ० | ० | ० | ० | १४१९ | १६६७ | ३१७ | १४६२ | २६ | ० | ० | ० |
| **जम्मा:** | **१२४** | **१४८** | **७** | **१३** | **२** | **१७२** | **३** | **६५०** | **१५** | **७७३** | **७०१** | **१४५५** | **०** | **०** | **२** | **२०९** | **२०३३** | **२२९०** | **९८४** | **२९०१** | **४८** | **५३** | **०** | **०** |

**उल्लेखित यस व्यूरो अन्तर्गतका मातहत कार्यालयहरुले सम्बन्धित मुद्दा चल्ने कार्यालयहरुमा कानूनी कार्वाहीको लागि बुझाउने गरेको ।*

## लागू औषध बरामदी परिमाण संख्या (नेपाल भर) २०७६

| महिना | मुद्दा संख्या | लागू औषध परिमाण संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाँजा | | चरेश | | हेरोइन | | | अफिम | | कोकिन | | नियन्त्रित लागू औषध |
| | | के.जि. | ग्राम | के.जि. | ग्राम | के.जि. | ग्राम | मि.ग्रा. | के.जि. | ग्राम | के.जि. | ग्राम | |
| कार्तिक | २५२ | ५२५ | ४४४ | ४७ | ३१९ | १ | २५७ | ३ | ० | ० | २ | १०० | बुप्रेनोर्फिन – ३०५३, डाइजेपाम - ३३०१ अन्य- ६१८५; ट्याब्लेट.- ९४४८ |
| मंसिर | २९६ | १८१ | ५१४ | १८४ | ३०७ | ० | ८८७ | ७६२ | २ | ५० | ० | ९३ | बुप्रेनोर्फिन– ३९५२ डाइजेपाम - १६०६; अन्य- ७८५५; ट्याब्लेट.- १९६५४, ईफिड्रन - ४ के.जी. २०० ग्राम |
| पौष | २९५ | १७३ | ३५३ | ४८ | ७४२ | ० | ५९३ | २३ | १ | ५०० | ९ | ० | बुप्रेनोर्फिन – ४१०६ डाइजेपाम - ४७०६ अन्य- ४८७० ट्याब्लेट- १६३७०, एम्फेटामाइन्स- ५३ ग्राम |
| माघ | ३०८ | ५१२ | १९७ | ५१ | ६६१ | ० | ६५७ | ४७३ | ० | ३३० | २ | २०० | बुप्रेनोर्फिन – ३१०८ डाइजेपाम - ३४५२ अन्य- २०५१७ |
| फाल्गुन | ३४९ | ४९८ | ० | ८६ | ० | ० | ८६ | ० | ० | ० | ० | ० | बुप्रेनोर्फिन – ४५६६; डाइजेपाम - ४६४५ ; कोरेक्स- ५३; अन्य- २१,२२० |
| **जम्मा:** | १५०० | १८८९ | १५०८ | ४१६ | २०२९ | १ | २४८० | १२६१ | ३ | ८८० | १३ | ३९३ | **बुप्रेनोर्फिन- १८,७८५ डाइजेपाम- १७,७१० अन्य - ट्याब्लेट - ६०,६४७, इफिड्रिन- ४ के.जी. २०० ग्राम एम्फेटामाइन- ५३ ग्राम** |
| **कूल जम्मा:** | १५०० | १८९० | ५०८ | ४१८ | २९ | ३ | ४८१ | २६१ | ३ | ८८० | १३ | ३९३ | |

*श्रोत : प्र.प्र.का. अ.अ. बिभाग, लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वर*




**SAY NO TO DRUGS**

## लागू औषध मानिस पक्राउ संख्या (नेपाल भर) २०७६

| महिना | मुद्दा संख्या | जम्मा मानिस पक्राउ संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | बिदेशी (भारतीय) | | बिदेशी (अन्य) | | जम्मा पक्राउ सख्या |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| कार्तिक | २५२ | ३६४ | ११ | १० | ० | १ | ० | ३८६ |
| मंसिर | २९६ | ४०९ | २३ | १० | १ | ४ | २ | ४४९ |
| पौष | २९५ | ४०२ | २५ | १४ | ० | ३ | २ | ४४६ |
| माघ | ३०८ | ४६० | १५ | १६ | १ | १ | ० | ४९३ |
| फाल्गुन | ३४९ | ४७० | २२ | १६ | ० | १ | ० | ५१० |
| जम्मा | १५०० | २१०५ | ९६ | ६६ | २ | १० | ४ | २२८४ |

श्रोत : प्र.प्र.का. अ.अ. बिभाग, लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वर

## बिभागीय गतिविधि /कार्यक्रम:

- लागू औषध नियन्त्रण ब्यूरो प्रमुख प्र.ना.म.नि.दिनेश अमात्य ज्यू ,मिति २०७६।१०।२८ गतेबाट अनिवार्य अवकाश हुनु भएकोले यस ब्यूरोका प्र.व.उ.बसन्त कुमार लामा ज्यूद्वारा मायाँको चिनो (Token of Love) प्रदान गर्नु हुँदै बिदाई कार्यक्रम सम्पन्न ।





## "Conference on Combating Drug– Trafficking for BIMSTEC"

मित्रराष्ट्र **भारतको नयाँ दिल्लीमा** मिति २०७६।११।०१ गते देखि ऐ.२ गते सम्म  तदअनुसार (**13-14 February, 2020**) सम्म सञ्चालन भएको "Conference on Combating Drug– Trafficking for BIMSTEC" विषयक कार्यक्रममा यस ब्यूरोका निमित्त कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक बसन्त कुमार लामाज्यू सहित गृह मन्त्रालयका मुख्य लागू औषध नियन्त्रण अधिकारी सहसचिव नारायण प्रसाद शर्मा दुवाडी तथा अन्य पदाधिकारी समेत सहभागी हुनु भएको थियो। कार्यक्रममा लागू औषध अपराधको अवस्था तथा अवैध रुपमा हुन सक्ने लागू औषधको ओसार पसारलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने बिषयमा छलफल भएको थियो।








## वीरगंज,चितवन,कास्की लगायतका स्थानहरुमा परामर्श केन्द्रहरुको स्थापना

- लागू औषध दुर्ब्यसनीलाई मनोसामाजिक परामर्श दिई लागू औषधको कूलतबाट छुटाउन तथा समाजमा पुनर्स्थापना गर्ने उद्देश्यले स्थानिय तहसँगको समन्वयमा पर्सा जिल्ला स्थित बिरगन्ज महानगरपालिका वडा नं.६ मा माघ २ गते, नेपाल प्रहरीका तत्कालिन संगठन प्रमुख प्रहरी महानिरीक्ष सर्बेन्द्र खनाल ज्यू ले बीरगंज महानगरपालिका ६ स्थित वडा समितिको कार्यालय लाठ गल्लीमा औपचारीक रूपमा परामर्श केन्द्रको समुद्घाटन गर्दै त्यस्ता परामर्श केन्द्रहरूले लागू औषध दुर्बेसनीहरूलाई परामर्श प्रदान गरी लागू औषध रोकथाममा महत्वपूर्ण भुमिका खेल्ने भएकोले स्थानीय तह र प्रहरीले हातेमालो गर्दै यस्ता कार्यक्रमहरूलाई थप प्रभाबकारी बनाउदै लैजानुपर्ने धारणा ब्यक्त गर्नु भयो । उक्त कार्यक्रममा यस ला.औ.नि. ब्यूरोका प्रहरी वरीष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि प्रकाश पार्दै स्थानीय तहसँगको साझेदारीमा यस्ता केन्द्रहरुलाई अन्य आवश्यक देखिएका स्थानहरुमा समेत स्थापना गर्दै लैजाने धारणा राख्नु भयो । उक्त कार्यक्रममा स्थानीय प्रतिनिधि तथा स्थानीय भद्रभलाद्मीहरु समेतको उपस्थिति रहेको थियो।



- परामर्श केन्द्र स्थापनालाई नितन्तरता दिने क्रममा मिति २०७६/१०/३ गते चितवन जिल्ला भरतपूर महानगरपालिका वडा नं.१० स्थित जिल्ला प्रहरी कार्यालयको हाताभित्र नेपाल प्रहरीका तत्कालीन संगठन प्रमुख सर्वेन्द्र खनाल र भरतपुर महानगरपालिकाका मेयर रेणु दाहाल ज्यूबाट संयुक्त रुपमा परामर्श केन्द्रको समुद्घाटन भएको छ। उक्त कार्य क्रममा लागूऔ. नि. ब्यूरो ,कोटेश्वरका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि प्रकाश पार्नु भएको थियो भने तत्कालीन संगठन प्रमुख ज्यूले लागु औषध प्रयोग कर्ताहरुलाई परामर्श दिन स्थानीय तहसँगको साझेदारीलाई अझ मजबुत बनाउँदै लैजानु पर्ने र परामर्श केन्द्र प्रभावकारी रुपमा परामर्श दिन सफल रहोस भनि शुभकामना व्यक्त गर्नुभयो। उक्त कार्य क्रममा चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराई, चितवन जिल्लाका माननीय जिल्ला न्यायाधिश, प्रहरी नायव महानिरीक्षकहरु, जिल्ला स्थित सुरक्षा निकाय प्रमुखहरु, सामुदायिक सेवा केन्द्र नारायणगढकी अध्यक्ष मिना खरेल , प्रहरी अधिकृतहरु, स्थानीय निकायका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायतको उपस्थिति थियो।





- मिति २०७६/१०/४ गते तनहुँ जिल्ला स्थित व्यास नगर पालिकामा वडा नं.३,मा तत्कालीन् प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल ज्यू र व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने ज्युले संयुक्त रुपमा परामर्श केन्द्रको उद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रममा लागू औषध नियन्त्रण ब्यूरो ,कोटेश्वरका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि प्रकाश पार्नु भएको थियो भने तत्कालीन संगठन प्रमुख प्रहरी महानिरीक्षक ज्यूले लागु औषध प्रयोग कर्ताहरुलाई परामर्श दिन स्थानीय तहसँगको साझेदारीलाई अझ मजबुत बनाउँदै लैजानु पर्ने र परामर्श केन्द्र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सफल रहोस् भनि शुभकामना व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा तत्कालीन् गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद शर्मा घिमिरेज्यू, लगायत लागूऔषध रोकथामका क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तिहरु, स्थानीय जनप्रतिनिधिहरु, नागरिक समाज, संचारकर्मी समेतको उपस्थिति रहेको थियो ।





- मिति २०७६/१०/४ गते  कास्की जिल्ला स्थित पोखरा महानगरपालिका वडा  नं.९ स्थित नयाँवजारमा तत्कालीन् प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल ज्यूले परामर्श केन्द्रको उद्घाटन  गर्नु भएको थियो ।  उक्त कार्यक्रममा लागू औषध नियन्त्रण ब्यूरो ,कोटेश्वरका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि  प्रकाश पार्नु भएको थियो भने तत्कालीन संगठन प्रमुख प्रहरी महानिरीक्षक ज्यूले लागु औषध प्रयोग कर्ताहरुलाई परामर्श दिन स्थानीय तहसँगको साझेदारीलाई अझ मजबुत बनाउँदै लैजानु पर्ने र परामर्श केन्द्र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सफल रहोस् भनि शुभकामना व्यक्त गर्नुभएको थियो । सो कार्यक्रममा तत्कालीन्  गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद शर्मा घिमिरे, पोखरा महानगरपालिकाका प्रवक्ता तथा वडा नम्बर ०५ का वडाध्यक्ष धन बहादुर नेपाली ,पोखरा स्थित लागूऔषध रोकथामका क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तिहरु, स्थानीय जनप्रतिनिधिहरु, आमा समूह, विभिन्न स्कुल तथा क्याम्पसका शिक्षक, शिक्षिका तथा विद्यार्थीहरु, सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष तथा प्रतिनिधिहरु, पोखरा स्थित विभिन्न प्रहरी कार्यालयका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो ।



- मिति २०७६/१०/ २२ गते  बाँके जिल्लाको नेपालगंज उपमहानगरपालिका को  वडा नं.१०मा तत्कालीन् प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल ज्यू र नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख डा.धवल शम्शेर राणा ज्यूले संयुक्त रुपमा परामर्श केन्द्रको उद्घाटन गर्नुभएको थियो ।  उक्त कार्यक्रममा लागू औषध  नियन्त्रण ब्यूरो ,कोटेश्वरका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि  प्रकाश पार्नु भएको थियो भने तत्कालीन प्रहरी महानिरीक्षक ज्यूले परामर्श केन्द्रहरूले लागू औषध दुर्बेसनीहरूलाई परामर्श प्रदान गरी लागू औषध रोकथाममा महत्वपूर्ण भुमिका खेल्ने भएकोले स्थानीय तह र प्रहरीले हातेमालो गर्दै यस्ता कार्यक्रमहरूलाई थप प्रभाबकारी बनाउदै लैजानुपर्ने धारणा ब्यक्त गर्नु भयो। सो कार्यक्रममा दाङ र कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षकहरु ज्यूहरु, बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारी कुमार बहादुर खड्का, नेपाल उद्योग वाणिज्य संघ बाँकेका अध्यक्ष नन्द लाल बैश्य, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष ठाकुर सिंह थारु ,जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, बाँकेस्थित लागूऔषध रोकथामका क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तिहरु, स्थानीय जनप्रतिनिधिहरु, संचारकर्मी लगायत स्थानीय बासिन्दाको उपस्थिति रहेको थियो।



- मिति २०७६/१०/ २३ गते बुटवल उपमहानगरपालिका वडा नं.५ स्थित हाटबजार क्षेत्रमा तत्कालीन्  प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज ज्युबाट परामर्श केन्द्रको  उद्घाटन भएको  थियो ।  उक्त कार्य क्रममा लागू औषध नियन्त्रण ब्यूरो ,कोटेश्वरका प्रहरी बरिष्ठ उपरीक्षक बसन्त कुमार लामा ज्यूले परामर्श केन्द्रको आवश्यकता तथा औचित्यतामाथि   प्रकाश पार्नु भएको थियो भने तत्कालीन संगठन प्रमुख ज्यूले लागु औषध प्रयोग कर्ताहरुलाई परामर्श दिन स्थानीय तहसँगको साझेदारीलाई अझ मजबुत बनाउँदै लैजानु पर्ने र परामर्श केन्द्र प्रभावकारी रुपमा परामर्श दिन सफल रहोस भनि शुभकामना व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा ५ नम्बर प्रदेश सभा सदस्य सन्तोष कुमार पाण्डे, लागू औ. नि. व्यूरो कोटेश्वरका प्रहरी वरिष्ठ उपरीक्षक बसन्त कुमार लामा, रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी महादेव पन्थ, अमर सहिद प्रहरीका राष्ट्रिय अध्यक्ष रिता सेन र पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, बुटवलस्थित लागूऔषध रोकथामका क्षेत्रमा काम गर्ने विभिन्न व्यक्तिहरु, स्थानीय जनप्रतिनिधिहरु, नागरिक समाज, संचारकर्मी लगायतको उपस्थिति  रहेको थियो ।



# तालिम सम्बन्धी गतिविधि

## १ नं. प्रदेशमा अनुशिक्षण सम्पन्न

- मिति २०७६।०८।२४ गतेदेखि ऐ. २६ गते सम्म यस लागु औषध नियन्त्रण ब्युरोबाट प्रहरी नायव उपरीक्षक प्रेम शाहीज्यूको संयोजकत्वमा खटिएको प्रशिक्षक टोली र सोही क्षेत्रमा कार्यरत जिल्ला सरकारी वकिलको कार्यालय सुनसरीबाट जिल्ला न्यायधिवक्ता र जिल्ला सरकारी अस्पतालका Doctor बाट संघीय प्रहरी इकाईको कार्यालय धरानमा १ नं. प्रदेश अन्तर्गत बिभिन्न जिल्लाहरुमा कार्यरत सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुलाई तीन दिने लागू औषध अपराध नियन्त्रण सम्बन्धी अनुशिक्षण तालिम प्रदान गरिएको थियो। उक्त तालिममा प्र.ना.उ.-२, प्र.नि.-२, प्र.ना.नि.-९ र प्र.स.नि.-१६ गरी जम्मा २९ जना प्रशिक्षार्थीहरु सहभागि हुनु भएको थियो। उक्त तालिम मिति २०७६।०८।२४ गते यस लागु औषध व्यूरोका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्य ज्यूको प्रमुख आतिथ्यमा समापन भएको थियो।



(तस्वीर:सं.प्र.ई.का.धरानमा संचालित तालिम)

## ७ नं. प्रदेशमा अनुशिक्षण सम्पन्न



- मिति २०७६।१०।२२ गतेदेखि ऐ. २४ गते सम्म यस लागु औषध नियन्त्रण ब्युरोबाट प्रहरी नायव उपरीक्षक फणिन्द्र प्रसाईं ज्यूको संयोजकत्वमा खटिएको प्रशिक्षक टोली र सोही क्षेत्रमा कार्यरत जिल्ला सरकारी वकिलको कार्यालय कैलालीबाट जिल्ला न्यायधिवक्ता र सरकारी अस्पतालका चिकित्सकबाट संघीय प्रहरी इकाई धनगढीमा सुदुर पश्चिम प्रदेश अन्तर्गत बिभिन्न जिल्लाहरुमा कार्यरत सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुलाई तीन दिने लागू औषध अपराध नियन्त्रण सम्बन्धी अनुशिक्षण तालिम संचालन गरिएको थियो । उक्त अनुशिक्षण कार्यक्रममा प्र.नि.-२, प्र.ना.नि.-८ र प्र.स.नि.-२१ गरी जम्मा ३१ जना प्रशिक्षार्थी सहभगि हुनु भएको थियो। उक्त तालिम यस लागु औषध व्यूरोका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्य ज्यूको प्रमुख आतिथ्यमा मिति २०७६।१०।२४ गते समापन भएको थियो।

## २ नं. प्रदेशमा अनुशिक्षण सम्पन्न



- मिति २०७६।११।१४ गतेदेखि ऐ. १६ गते सम्म यस लागु औषध नियन्त्रण ब्युरोबाट प्रहरी नायव उपरीक्षक फणिन्द्र प्रसाईं ज्यूको संयोजकत्वमा यस ब्यूरोबाट खटिएको प्रशिक्षकहरु र सोही क्षेत्रमा कार्यरत जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायधिवक्ता, प्रादेशिक अस्पताल जनकपुरका चिकित्सक सहितको टोलीले संघीय प्रहरी इकाईको कार्यालय जनकपुरमा २ नं. प्रदेश अन्तर्गत बिभिन्न जिल्लाहरुमा

कार्यरत सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो । उक्त कार्यक्रममा प्र.नि.-२, प्र.ना.नि.-११र प्र.स.नि.-१७ गरी जम्मा ३० जना प्रशिक्षार्थीहरु सहभागी हुनु भएको थियो । उक्त तीन दिने लागूऔषध अपराध नियन्त्रण सम्बन्धी अनुशिक्षण तालिम मिति २०७६।११।१६ गते यस लागु औषध व्युरोका निमित्त कार्यालय प्रमुख  प्रहरी वरिष्ठ प्रहरी उपरीक्षक वसन्त कुमार लामा ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको  थियो ।





(तस्वीर:सं.प्र.ई.का.जनकपुरमा संचालित तालिम)





(तस्वीर:सं.प्र.ई.का.जनकपुरमा संचालित तालिम)

## बागमती प्रदेशमा अनुशिक्षण सम्पन्न

मिति २०७६।११।१९ गतेदेखि ऐ. २१ गते सम्म यस लागु औषध नियन्त्रण ब्युरोबाट यस व्यूरोका प्रहरी नायव उपरीक्षक फणिन्द्र प्रसाईं ज्यूको संयोजकत्वमा प्रशिक्षकहरु सहित खटिएको टोली र सोही क्षेत्रमा कार्यरत जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरका सहायक न्यायधिवक्ता र प्रादेशिक अस्पतालका चिकित्सक सहितको टोलीले बागमती प्रदेश प्रहरी कार्यालय हेटौडामा, बागमती प्रदेश अन्तर्गत बिभिन्न जिल्लाहरुमा कार्यरत सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुलाई तीन दिने लागूऔषध अपराध नियन्त्रण सम्बन्धी अनुशिक्षण तालिम संचालन गरिएको थियो। उक्त कार्यक्रममा प्र.नि. ४,प्र.ना.नि.११ र प्र.स.नि. १५ जना गरी कूल ३० जना प्रशिक्षार्थीहरु सहभागि हुनु भएको थियो। सो तालिम मिति २०७६।११।१९ यस लागु औषध व्यूरोका निमित्त कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त कुमार लामाको प्रमुख आतिथ्यतामा समापन भएको थियो।











(तस्वीर:प्रदेश प्रहरी कार्यालय,हेटौंडामा संचालित तालिम)



## अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी  गतिबिधि

### लागू औषध एम्फेटामाईन(आईस) १ किलो २२९ ग्राम, कोकिन ९० ग्राम र यावा ८८१ ट्याबलेट सहित  मानिस  पक्राउ।

मिति २०७६।०८।१३ गते १५:३० बजेको समयमा जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा  नं. ४, धुम्बराही स्थित सडक किनारबाट जिल्ला गोरखा, चुमनोबी गा.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल जिल्ला काठमाण्डौ वडा नं. ६, रामनगर बस्ने बर्ष ५६ को ओडगेन लामालाई निजको साथबाट लागू औषध एम्फेटामाईन (आईस) २९ ग्राम, कोकिन ४ ग्राम र यावा ९९ ट्याबलेट सहित पक्राउ गरी अनुसन्धान पश्चात निजको कोठामा समेत खानतलासी गर्दा निजले लुकाई छिपाई राखेको लागू औषध एम्फेटामाईन(आईस) १ किलो २०० ग्राम, कोकिन ८६ ग्राम र यावा ७१२ ट्याबलेट गरी कुल जम्मा **लागूऔषध एम्फेटामाईन(आईस) १ किलो २२९ ग्राम, कोकिन ९० ग्राम र यावा ८८१ ट्याबलेट** बरामद गरिएको छ। पक्राउ परेका ओडगेन लामा यस पूर्व पनि लागु औषध मुद्धामा कैद सँजाय पाएका व्यक्ति भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।



निज उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको छ।



## **ईफेड्रिन (EPHEDRINE) ४ किलो २०० ग्राम सहित १ जना चाईनिज नागरिक पक्राउ।**

- मिति २०७६।०८।२० गते १७:०० बजेको समयमा जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. १६ ठमेल स्थित रहेको अल्टिमेट एक्सपोर्ट एण्ड कार्गो प्रा.लि.बाट बिदेशी चाईनिज नागरिक बर्ष ३१ को ZHANG CHAO को साथबाट न्यूजिल्याण्ड पठाउन भनी निलो रंगको कागजको डिब्बामा भित्र रंगिन चित्र रहेको काठको फ्रेमबाट ईफिड्रिन (EPHEDRINE) जम्मा ४ के.जि. २०० ग्राम सहित पक्राउ गरी ला.औ.मुद्दामा कानुनी प्रकृया अघि बढाईएको छ।





## **त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट लागु औषध कोकिन ३ किलो सहित १ जना बोलिभियन नागरिक पक्राउ**



- मिति २०७६।०९।०१ गते ०९:०० बजेको समयमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा खटिएको प्रहरी टोलीले त्रि.अ.वि. गौचरको आगमन कक्षको यात्रुहरु आउने स्थानमा फ्लाई दुबईबाट त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल आएकी वोलिभियन नागरिक पासपोर्ट नं. CE28072 बाहक बर्ष ४१ कि HERRERA ARTEAGA ORGA को शरिर तथा झोला चेक जाँच गर्ने क्रममा निजको झोला सुटकेस भित्रबाट **ला.औ. कोकिन ३ किलोग्राम** फेला पारी उक्त कोकिन समेत बरामद गरी निजलाई पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाईएको छ ।

## ६ किलोग्राम कोकिन सहित २ जना बेलारुसी नागरिक पक्राउ

- मिति २०७६।०९।०५ गते २०:३० बजेको समयमा जिल्ला काठमाण्डौ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको प्रस्थान कक्षबाट काठमाण्डौबाट क्याथे ड्रायगनको फ्लाइटबाट हङकङजान लागेका बेलारुस नागरिकहरु राहदानी नं. AB2712060 बाहक बर्ष २१ को PAVEL VASILYEU र KH2464426 बर्ष २१ को ALINA ALDOSHYNA समेतले साथमा ल्याइको सुटकेश भित्रबाट **लागू औषध कोकिन ६ किलो ग्राम** बरामद गरी पक्राउ गरीएको र सोधपुछ पश्चात सोही लागू औषध ओसार पसारमा संलग्न बोलिभियन नागरिकहरू राहदानी नं. CE38606 बाहक बर्ष ४८ को ROBERTO CARLOS र राहदानी नं. CE38456 बाहक बर्ष ५५ को RAUL ZAMBRANA ORDONEZ समेत लाई पक्राउ गरी गरी कानुनी प्रकृया अघि बढाईएको छ ।



## लागू औषध खैरो हिरोइन सहित बिभिन्न व्यक्तिहरु पक्राउ

- मिति २०७६/०९/२२ गते १६:०० बजेको समयमा जिल्ला काठमाण्डौं, गोकर्णेश्वर न.पा.८ स्थित सडक किनारबाट लागु औषध खैरो हिरोइन ३ ग्राम सहित आशिष थापालाई पक्राउ गरीएको र सोधपुछ पश्चात लागु औषध खैरो हिरोइन कारोबारमा संलग्न वर्ष १९ को ऋतुहाङ्ग लावती लाई समेत **२२१ ग्राम** लागु औषध खैरो हिरोइन सहित पक्राउ गरी कानुनी कारवाही अघि बढाइएको छ।





## ठमेलबाट लागु औषध कोकिन २ किलो २०० ग्राम सहित बोलिभियन नागरिक पक्राउ

- मिति २०७६/१०/०८ गते २०:४० बजेको समयमा जिल्ला काठमाण्डौं का.म.न.पा.२९ ज्याठा ठमेल स्थितमा रहेको होटल बुद्धल्याण्ड प्रा.लि.को ४०२ नम्वर कोठा भित्रबाट Bolivian नागरिक पासपोर्ट नम्वर CE51857 बाहक वर्ष २७ को SOLANO CHAVEZ MIGUEL लाई सुटकेस भित्र फल्स बटम बनाई लुकाई छिपाई राखेको अवस्थामा लागु औषध **कोकिन २ किलो २०० ग्राम** सहित पक्राउ गरी कानुनी प्रक्रिया अगाडि बढाइएको छ।





## अवैध लागू औषध गाँजा खेती अं. ६० बिगाहा १० कठ्ठा र अफिम ५० बिगाहा ६ कठ्ठा फडानी गरी नष्ट गरिएको

मिति २०७६।०९।१६ गतेदेखि ऐ. १९ गतेसम्म यस ब्यूरो तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट समेत खटिइएको संयुक्त टोलीले जिल्ला मकवानपुर, राक्सीराङ गाँउपालीकाको ज्यामुङ, डन्डुटार, सुनारी, सौराहा, सानो भावर, रानीवाङ, माकदमार, देवीटार, काकडा, ठूलोभावर, सिम्किम, बटार, पाङबुङ, ऐ.गा.पा. वडा नं. ४ को बिभिन्न एरिया लगायतका स्थानहरूमा अवैधरूपमा खेती गरी लगाईएको लागू औषध **गाँजा अं. ६० बिगाहा १० कठ्ठा र अफिम ५० बिगाहा ६ कठ्ठा फडानी** गरी नष्ट गरिएको छ।





फडानी गरी नष्ट






## लागु औषध ब्यूरो र औषधी ब्यबस्था बिभागको संयुक्त अप्रेसन :-




चिकित्सकको स्वीकृति बिना बेच बिखन गर्न नपाईने मनोद्विपक पदार्थ /फर्मास्यूटिकल्स ड्रग किनबेच भईरहेको भन्ने बिशेष सूचनाको आधारमा यस ब्यूरो तथा औषधि ब्यबस्था बिभाग, बबरमहल काठमाण्डौंबाट खटिएको संयुक्त टोलिले संचालन गरेको कारवाहीको क्रममा मिति २०७६ पौष २५ गते जिल्ला रुकुम सिस्ने गा.पा.३ घर भई कोटेश्वर बस्ने बर्ष २२ को बिशाल सुनार र ऐ.ऐ. घर भई कोटेश्वर बस्ने बर्ष २३ को नबिन नकाललाई कोटेश्वर काठमाण्डौंबाट २४०० थान ट्रामाडोल ट्याबलेट सहित नियन्त्रणमा लिईएको र सोधपुछ पश्चात मिति २०७६ पौष २७ गते जि.ओखलढुंगा लिखु गा.पा.१ घर भई पुल्चोक ललितपुर बस्ने बर्ष ३२ कि रेखा ढुंगेललाई बानेश्वर शंखमुलबाट ४५०० थान ट्रामाडोल ट्याबलेट सहित नियन्त्रणमा लिईएको ,ऐ.मितिमा निजको श्रीमान हरी ढुंगेललाई पुल्चोक ललितपुरबाट ३०० थान ट्रामाडोल ट्याबलेट सहित नियन्त्रणमा लिईएको र निज हरी ढुंगेलले उल्लेख गरे अनुसार निजले ट्रामाडोल ल्याउने का.जि.का.म.न.पा.१७ खुसुबु नयाँबजार स्थित कृपाशुर ड्रग हाउसको गोदाममा मिति २०७६।०९।२८ गते खानतलासि लिने क्रममा सम्बन्धित निकायको स्वीकृति बेगर बिक्रिका लागि लुकाव छिपाउ गरि भण्डारण गरी राखिएको अबस्थामा १४,७४,२००(चौध लाख चौहत्तर हजार दुईसय) ट्रामाडोल ट्याबलेट तथा ३,९७,५००( तीन लाख सन्तानब्बे हजार पाँचसय) अल्प्राजोलम ट्याबलेट सहित ठूलो मात्रामा नियन्त्रित औषधिहरु बरामद गरिएको, बरामद गरिएका औषधी तथा नियन्त्रणमा लिईएका ब्यक्तिहरु समेत उपर औषधी ब्यबस्था बिभागबाट आबश्यक कारबाही अघि बढाईएको थियो।



## ठूलो मात्रामा नियन्त्रित मनोद्विपक पदार्थ ५१९४ एम्पुल र लागू औषध नाईट्रोजेपाम (नाईट्रोभेट) ५५५० ट्याब्लेट सहित ३ जना मानिसहरू पक्राउ।

मिति २०७६।०८।०५ गते १६:०० बजेको समयमा जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. २८ रत्नपार्क स्थित सडक किनारबाट जिल्ला मकवानपुर, थाहा गा.पा. वडा नं. २ बस्ने बर्ष ५५ को रमेश शिवभक्तीलाई नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम १९४ एम्पुल, ब्रुफेनोर्फिन १९० एम्पुल र फेनारगन १८९ एम्पुल** सहित पक्राउ गरिएको छ र मिति २०७६।०८।०५ गते १८:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३२ बालकुमारी पुल स्थितबाट जिल्ला काभ्रेपलाञ्चोक साविक होक्से गा.वि.स. ८ हाल चन्द्रोदयपुर गाउँपालिका वडा नं. ५ बस्ने बर्ष २४ को धनवहादुर वाईवा र जिल्ला मकवानपुर ईन्द्रसोवर गा.पा. वडा नं. ३ सिस्नेरी बस्ने बर्ष ३६ की सुनिता गोलेको साथबाट नियन्त्रित मनोद्विपक पदार्थ **डाईजेपाम १४८७ एम्पुल, ब्रुफेनोर्फिन १५६४ एम्पुल, फेनारगन १५७० एम्पुल** र लागू औषध **नाईट्रोजेपाम (नाईट्रोभेट) ५५५० ट्याब्लेट** सहित पक्राउ गरिएको छ।

पक्राउ परेका रमेश शिवभक्ती र धनवहादुर वाईवा यस पूर्व पनि लागू औषध कारोवारमा संलग्न रहेको र निजहरू नेपाल भारतको सिमा नाकाबाट नियन्त्रित मनोद्विपक पदार्थ काठमाण्डौ भित्र्याउने मुख्य व्यक्तिहरु रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

निजहरू उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको छ।



# नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ सहित मानिस पक्राउ

जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ७ बस्ने वर्ष ३५ को पचुदास गिरीलाई मिति २०७६/११/२२ गते १६:०० बजेको समयमा काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १४ बल्खुबाट **नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन (नूफिन) ३०० एम्पुल, डाईजेपाम ३०० एम्पुल र फेनारगन ३०० एम्पुल** सहित पक्राउ गरिएको छ।

निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन,२०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ।




## फरार प्रतिवादी पक्राउ

मिति २०७५/०१/३० गते जिल्ला काठमाण्डौं काठमाण्डौ महानगरपालिका वडा नं. ०९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरबाट **लागू औषध चरेस २ के.जी.** सहित पक्राउ परेका जिल्ला खोटाङ दिक्तेल नगरपालिका वडा नं. ४ खाल्लेगाउँ ठेगाना भएका पवन बस्नेत समेत भएको लागूऔषध चरेस मुद्दामा वारदात मितिदेखि नै फरार रहेका प्रतिवादी जिल्ला खोटाङ दिप्रुङ चुईचुम्मा गाउँपालिका वडा नं. २ ठेगाना भएका वर्ष ३१ का शम्बु थापा उपर सम्मानित अदालतको मिति २०७६/०१/११ गतेको फैसला अनुसार १ वर्ष कैद र रु. ५,०००/- (पाँच हजार) जरिवाना भएकोमा निजलाई मिति २०७६/११/२७ गते जिल्ला काठमाण्डौं काठमाण्डौ महानगरपालिका वडा नं. ०९ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरको स्वर्णगेटबाट पक्राउ गरि सम्मानित काठमाण्डौं जिल्ला अदालतमा बुझाईएकोमा निजलाई कैद भुक्तानको लागि कारागार कार्यालय जगन्नाथदेवल पठाईएको छ।

# नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ सहित मानिसहरु पक्राउ

जिल्ला सिन्धुपाल्चोक, पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा न- ८ बेसीगाउँ डेरा गरी बस्ने रवि भन्ने राजिव तामाङ र जिल्ला ओखलढुङ्गा, सिद्धिचरण नगरपालिका वडा न-७ स्थायी वतन भई हाल ऐ. बस्ने बर्ष २१ को सरोज राईलाई मिति २०७६/११/२८ गते जिल्ला काठमाडौं, गोकर्णेश्वर नगरपालिका वडा न- ८ बेसीगाउँबाट **नियन्त्रित लागूऔषध तथा मनोद्विपक पदार्थ बुप्रेनोर्फिन (नूफिन) ६६० एम्पुल, डाईजेपाम ५९१ एम्पुल, फेनारगन ६१५ एम्पुल, नाईट्राभेट ५४० ट्याव्लेट र नगद नेपाली रू. १,९४,५००।- (अक्षरुपी एक लाख चौरानव्वे हजार पाँचसय)** सहित पक्राउ गरिएको छ।

निजहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ।



## पोखरामा लागू औषध दुर्व्यसन न्यूनीकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन



लापोखराद्वारा ,व्यूरो शाखा कार्यालय.नि.औ. ८ कास्की पोखरा.गते जि २०७६।०७।२१ मिति नागढुंगा स्थित न्यू मोडल डाइनामिक एकेडेमीमा अध्ययनरत ३५० जना र मिति २०७६।०७।२६ गते जिकास्की पोखरा हिमाञ्चल बोर्डिङ . जना विद्यार्थी तथा १७५ स्कुलमा अध्ययनरत शिक्षकहरुलाई लागू औषध दुर्व्यसन न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिइएको थियो।



(तस्वीर:पोखरामा संचालित सचेतनामुलक कार्यक्रम)

## सारांश :-

लागूऔषधको समस्याले आज ब्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै आक्रान्त पारिरहेको छ। लागू औषधको समस्या आज कुनै एक देशको परिधिभित्र मात्र सिमित नभएर बिश्वकै साझा समस्याको रुपमा देखापरेको छ। नेपालको सन्दर्भमा लागूऔषधको सर्बेक्षण २०६३ र २०६९ अनुसार बार्षिक करिब ११ प्रतिशतले लागूऔषध प्रयोगकर्ताहरुको संख्यामा बृद्दि भईरहेको छ भने कुल अपराधको ९ प्रतिशत अपराध लागू औषधसँग सम्बन्धित रहेको देखिन्छ। नेपाल प्रहरीको तथ्यांकलाई हेर्ने हो भने महिला तथा बाल बालिका बिरुद्द हुने घरलु हिंसा लगायतका बिभिन्न अपराधहरु:- चोरी, लुटपाट, आगजनी, तोडफोड, अपहरण, कर्तब्य ज्यान जस्ता जघन्य अपराधहरुको मूल जड पनि अधिकांश अबस्थामा लागूऔषध नै रहेको देखिन्छ।

लागूऔषधको खेती, उत्पादन, बेचबिखन, ओसारपसार र उपभोगलाई नियन्त्रण गर्न नेपाल सरकार गृह मन्त्रालय, नेपाल प्रहरी, लागूऔषध नियन्त्रण ब्यूरो, बिभिन्न सामाजिक, सरकारी तथा गैह्र सरकारी संघ संस्था सबै आ-आफ्नो क्षेत्रमा निरन्तर लागि रहँदा पनि लागू औषध दुर्ब्यसनको समस्याले समाजमा नराम्रो सँग जरा गाडेको देखिन्छ । तसर्थ लागूऔषध अपराधलाई न्यूनीकरण गर्नको लागि हामी सबैले शुरुमै आ-आफ्नो घरमा लागूऔषध प्रबेश हुनबाट रोक्ने कार्य गर्न जरुरी छ । बिशेष गरी अभिभाबकहरुले आफ्ना छोराछोरीहरुको गतिबिधिको बारेमा जानकारी राखी सकारात्मक अभिभाबकत्वको भुमिका निभाई समयमै सुझाउन सके लागूऔषध दुर्ब्यसन रोकथाममा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्थ्यो कि ?

**लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन गर्नु अपराध हो। यस्ता गैर कानूनी गतिविधिमा आफू पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं।**

•••

# लागूऔषध सम्बन्धी समस्या भए !

**सम्पर्क**

लागूऔषधको दुर्व्यसन, उत्पादन, ओसारपसार, संचय, बिक्रिबितरण गम्भीर अपराध  हो । कतै तपाईको टोल क्षेत्रमा यस्ता अपराध भैरहेको तथा हुनसक्ने जानकारी भएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा वा लागू औषध नियन्त्रणमा सम्पर्क गर्नुहोला ।


# लागू औषध नियन्त्रण व्यूरो

**कोटेश्वर,काठमाण्डौं**

**फोन नं. :०१४६०१०४८, ९८५१२८५४८०**

ई-मेल: *ncb@nepalpolice.gov.np, ncbnepal@gmail.com*

*www.ncb.nepalpolice.gov.np*